भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल ।

# आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशन मिति: २०८१।०९।२५ गते )**

यस महानगरपालिकाको आ.व. २०८१।०८२ को वार्षिक नगर विकास योजनाको स्वीकृत संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम **"किसान सूचीकरण कार्यक्रम"** का लागि अस्थायी रुपमा गणक/सहजकर्ता छनौट गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | सूचना / विज्ञापन नं. | कार्य क्षेत्र | गणक/सहजकर्ता माग सङ्ख्या | कामको विवरण |
|---|---|---|---|---|
| १ | १/०८१।८२ | वडा नं. २७ र २८, भरतपुर महानगरपालिका | ८ (आठ) जना | वडा नं. २७ र २८ का किसानहरुको विद्युतीय माध्यमबाट तथ्याङ्क सङ्कलन गर्ने । |

१. **दरखास्त दिने स्थानः** भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा तोकिएको दस्तुर बुझाएको रसिद लिई प्रशासन तथा जनशक्ति विकास शाखामा दरखास्त बुझाउनु पर्नेछ । दरखास्त फाराम यसै सूचनासँग संलग्न गरिएको छ ।

२. **आवश्यक न्यूनतम योग्यताः**
   क. कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण,
   ख. इन्टरनेट चलाउन सक्ने, आफ्नै एन्ड्रोइड वा स्मार्टफोन वा ट्याब्लेट वा ल्यापटप भएको र प्रयोग गर्न पोख्त भएको ।
   ग. ३ महिने आधारभूत कम्प्युटर तालिम प्राप्त गरेको ।

३. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु–
   - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
   - शैक्षिक योग्यता तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि एवम् कामसँग सम्बन्धित अनुभव भए सोको कागजात (आवश्यक न्यूनतम योग्यताको हकमा मात्र),
   - स्थानीय बासिन्दा भएमा सो प्रष्ट खुल्ने कागजात (नागरिकता वा बसाई सराई दर्ता प्रमाणपत्र),
   - पासपोर्ट साइजको फोटो ३ प्रति ।

४. उमेर १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

५. **छनौटको किसिमः** संक्षिप्त सूची प्रकाशन र अन्तर्वार्ता ।

६. स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ । भरतपुर म.न.पा. वडा नं. २७ र २८ को स्थानीय बासिन्दा विशेष प्राथमिकतामा पर्नेछन् ।

७. **दरखास्त दस्तुरः** रु. ३००।-

८. **दरखास्त फाराम बुझाउने अन्तिम मितिः** २०८१ माघ २ गते कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।

९. **सेवा सुविधाः** नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

*नोटः कार्यक्रमको विस्तृत जानकारी "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" वेबसाइट मार्फत् प्राप्त गर्न सकिनेछ ।*

१०.सम्पर्क नं. ०५६-५११०८०

संयोजक
गणक छनौट समिति